तिनाउ बिकास बैंक लिमिटेडको

सातौं वार्षिक साधारण सभाको

काम कारवाहीको विवरण

(माइन्यूट)

१. बैधानिक सभा

कम्पनी ऐन २०६३ र विकास बैंकको नियमावली बमोजिम वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद वभाज्युको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल गरि देहाय बमोजिम निर्णय गरियो ।

२. सभाको मिति, समय र स्थान

मिति: २०७० साल मंसिर २९ गते शनिबार (१४ डिसेम्बर, २०१३)

समय: बिहान ९.४५ बजे प्रारम्भ भई ११.४५ बजे सम्पन्न भएको ।

स्थान: उद्योग बाणिज्य संघको सभाहल, बुटवल ८, कालिका मन्दिर पछाडि ।

३. सभाको सूचना

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बिकास बैंकको सातौं वार्षिक साधारण सभाको सुचना तथा सभामा छलफल हुने बिषयहरु एवं प्रस्तावहरु शेयधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति: २०७०।०७।२९ गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिका नागरीक र मिति: २०७०।०८।२० गतेको दैनिक पत्र पत्रिकामा सभा हुने स्थान, समय, मिति र छलफल हुने बिषयहरुको सुचना शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. छलफलको बिषयहरु

क) साधारण प्रस्तावहरु

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको वार्षिक प्रतिबेदन प्रस्तुत र सो उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२) आ.व. ०६९/७० को लेखा परिक्षण प्रतिवेदन, २०७० अषाढ मसान्तको वासलात, नाफा नोक्सान तथा नगद प्रवाह विवरण तथा अनुसुचीहरुमा छलफल गरि पारित गर्ने ।

३) आ.व.०७०/७१ को लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

४) संचालक समितिले प्रस्ताव गरे वमोजिम कर प्रयोजनको लागि चुक्ता पुंजीको ०.६३१५७८९ प्रतिशतले नगद लभांश रु. ७,२६,३१५।७९ स्वीकृत गर्ने सम्बन्धमा ।

ख) <u>विशेष प्रस्तावहरु</u>

१) संचालक समितिले प्रस्ताव गरे वमोजिम चुक्ता पुंजीको १२ प्रतिशतका दरले बोनस शेयर स्वीकृत गर्ने सम्बन्धमा ।

२) अधिकृत पूंजी, जारी पूंजी र चुक्ता पूंजी बृद्धि गर्ने सम्बन्धि प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

३) चुक्ता पूंजीको १:०.२५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने सम्बन्धमा ।

४) प्रबन्ध पत्र र नियमावलीमा आवश्यक संशोधन र परिमार्जन गर्ने प्रस्ताव पारीत गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायबाट स्वीकृत गराउनको लागी आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितीलाई अख्तियारी दिने ।

ग) विविध ।

५. <u>सभाको सञ्चालन:</u>

सभाको संचालन कम्पनी सचिव श्री प्रदिप कुमार श्रेष्ठले गर्नु भएको थियो ।

६. <u>उपस्थिति</u>

६.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

१.	श्री राजेन्द्र प्रसाद वभा	अध्यक्ष
२.	श्री रामेश्वर प्रसाद कसजु	सञ्चालक
३.	श्री जीवन प्रसाद वभा	सञ्चालक

४. श्री उज्ज्वल प्रसाद कसजु सञ्चालक

५. श्री अनिल प्रसाद श्रेष्ठ सञ्चालक

६. श्री रबिन्सन कक्षपति सञ्चालक

६.२ अन्य पदाधिकारीको उपस्थिति

१. श्री प्रदिप कुमार श्रेष्ठ प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव

२. श्री नीरु कार्की प्रतिनिधी नागरिक लगानी कोष (शेयर रजिष्ट्रार)

६.३ शेयरधनीको उपस्थिति

१. स्वयम् उपस्थित हुने शेयरधनीको संख्या: ७०

२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयधनी संख्या: ८

३. जम्मा उपस्थित संख्या: ७८

७. गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

विवरण	कुल संख्या	जम्मा उपस्थिति	कुल शेयरको प्रतिनिधित्व
शेयरधनी संख्या	८,२४१	७८	०.८९ प्रतिशत
संस्थापक शेयरधनी समूह (क)	२९	१९	६५.५२ प्रतिशत
सर्वसाधारण शेयरधनी समूह (ख)	८,२१२	५९	०.७२ प्रतिशत
शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता	११,५०,०००	६,५५,४२०	५६.९९ प्रतिशत

८. आसन ग्रहण

सभामा उपस्थित अध्यक्ष, सञ्चालक, अतिथि, संस्थापक र सर्वसाधारण शेयधनीहरुलाई सभा सञ्चालकले आसन ग्रहण गराउनु भयो ।

९. सभाको बैधानिकता

कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम २१ दिन अगावै मिति: २०७० साल कार्तिक २९ गतेको राष्ट्रियस्तरको पत्रिका नागरीक र मिति: २०७० साल मंसिर २० गतेको दैनिक पत्र पत्रिकामा साधारण सभा सम्बन्धि सूचना प्रकाशित गरिएको र सोहि ऐनको दफा

७३(२) अनुसार बांडफांड भएको कूल शेयर संख्याको ५०% भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ (तिन) जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति भएमा सभाले बैधानिकता पाउने व्यवस्था भएकोमा यस साधारण सभामा कूल बांडफांड शेयर संख्या ११ लाख ५० हजार कित्ता मध्ये स्वयं उपस्थिति ५,१४,५०५ कित्ता शेयर, प्रतिनिधी मार्फत १,४०,९१५ कित्ता शेयर जम्मा उपस्थिति ६,५५,४२० कित्ता शेयर प्रतिशतमा ५६.९९ प्रतिशतको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु ७८ जना उपस्थिती भएको हुंदा यो साधारण सभा बैधानिक भएको घोषणा कम्पनी सचिवले गर्नु भयो । तत्पश्चात अध्यक्षज्युबाट सभा संचालनको अनुमती लिइ सभालाई निरन्तरता दिनु भयो ।

१०. स्वागत मन्तव्य

सञ्चालक समितिका सदस्य श्री अनिल प्रसाद श्रेष्ठज्युले उपस्थीत सम्पुर्ण शेयरधनी, अतिथि तथा कर्मचारीवर्गमा स्वागत मन्तव्य व्यक्त गर्नुभयो ।

११. सभाको समूद्घाटन

अध्यक्ष श्री राजेन्द्र प्रसाद वभाज्युले पानसमा दीप प्रज्वलन गरी बिकास बैंकको सातौं वार्षिक साधारण सभाको समुद्घाटन गर्नुभयो ।

१२. साधारण सभाको प्रस्तुती:

१. सभा सञ्चालक कम्पनी सचिव प्रदिप कुमार श्रेष्ठले अध्यक्षज्यूलाई सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न अनुरोध गर्नुभयो र सोहि अनुसार सभाका अध्यक्षज्युले उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरु, तथा अतिथिज्यूहरुलाई स्वागत एवं अभिवादन गर्दै पुर्व निर्धारित छलफलका बिषय सुचि अनुसार आ.व. ०६९/७० को संचालक समितिको तर्फबाट प्रतिवेदन पढेर सुनाउनु भयो र शेयरधनी महानुभावज्युहरुको अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

२. तत्पश्चात अध्यक्षज्यूले अन्य छलफलका बिषयहरु सभा समक्ष प्रस्तुत गर्नको लागि कम्पनी सचिवलाई आग्रह गरे अनुसार कम्पनी सचिव श्री प्रदिप कुमार श्रेष्ठज्युले क्रमैसंग छलफलका विषयहरु सभा समक्ष प्रस्तुत गरि शेयरधनी महानुभावज्युहरुको अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित बिषयबस्तु उपर छलफल गरि पारित गरिदिन अनुरोध गर्नुभयो ।

१३. छलफलका लागि सहभागी शेयरधनी महानुभावहरु

छलफलका लागि प्रस्तुत बिषयबस्तु उपर आफ्ना अमूल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित निम्नानुसार शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनु भयो ।

१. यमलाल भट्टराई

२. महेश्वर प्रसाद श्रेष्ठ

३. ज्ञानेन्द्र कसौधन

४. कृष्ण प्रसाद श्रेष्ठ

५. राजेश गिरी

१४. छलफलमा सहभागी हुने शेयरधनीहरुको आ-आफ्नो राय, सल्लाह, सुझाव तथा जिज्ञासाहरु:

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको मन्तव्यलाई तल प्रस्तुत गरिएकोछ ।

१. यमलाल भट्टराई

मन्तव्य तथा जिज्ञासाहरु:

विगत वर्षमा बैंकले खासै प्रगति गर्न नसकेता पनि विगत दुइ वर्ष देखि बैंकले गति लिन थालेको छ । बैंकको अवस्था हेर्दा पूंजी बृद्धि गर्नु पर्ने देखिन्छ । कर्जा लगानी ८० प्रतिशतसम्म गर्न मिल्ने अवस्थामा पूंजीको कारण लगानी गर्न नसकेको देखिन्छ । समकक्षि बैंकहरुको तुलनामा अझ प्रगती गर्नु पर्ने देखिन्छ । संचालन खर्चमा कटौति गर्दा राम्रो हने थियो । मुद्रास्फिति ७ प्रतिशतले बढेको अवस्थामा लगानीको समय देखिको लगानी कर्ताको प्रतिफल हेर्ने हो भने ३ प्रतिशत मात्र देखिन्छ । बैकलाई मर्जमा लान, बिशेषज्ञ संचालक राख्न सुझाव छ । खराब कर्जाको अवस्था के हो ?

२. महेश्वर प्रसाद श्रेष्ठ

मन्तव्य तथा जिज्ञासाहरु:

अध्यक्षज्यूको प्रतिवेदनको दफा २० मा रहेको नगद लाभांश व्यवस्था गरिएको छैन भनिएकोमा आगामी वर्षमा नगद लाभांशको पनि व्यवस्था गर्न सकेमा राम्रो हुने थियो । दफा १४१ अनुसारको सम्पत्ति खरिद विक्रि गरिएको छैन भनिएको छ कस्तो सम्पत्ति हो । आन्तरीक जोखिमलाई न्युनिकरण गर्न के कस्ता रणनीति लागु गर्नु भएको छ । पूंजी

बृद्धिमा मेरो समर्थन रहेको छ । प्रतिवेदनको पेज नं. ४२ को खर्च शिर्षकमा प्राविधिक र अपलेखन खर्चमा के खर्च पर्छ ।

३. ज्ञानेन्द्र कसौधन

मन्तव्य तथा जिज्ञासाहरु:

हकप्रद शेयर १:०.२५ निष्काशन गर्न लागेको न्यून भयो र कम शेयर भएकोलाई बढी हकप्रद शेयर दिन अनुरोध छ ।

४. कृष्ण प्रसाद श्रेष्ठ

मन्तव्य तथा जिज्ञासाहरु:

जारी पूंजी र चुक्ता पूंजी बराबर हुनु पर्ने होइन र ? हकप्रद शेयर १:०.५० गराउंदा राम्रो हुने थियो । हकप्रद शेयर जारी गर्दा हुने खर्चमा बचत हुने थियो ।

५. राजेश गिरी

मन्तव्य तथा जिज्ञासाहरु:

हकप्रद शेयर जारी गरेर चुक्ता पूंजी बृद्धि गर्नु भन्दा बोनस शेयर दिंदै चुक्ता पूंजी बढाउंदा उपयुक्त हुने थियो ।

१५. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ:

अध्यक्षज्यूले शेयरधनीहरुको राय, सल्लाह, सुझाव र जिज्ञासा प्रति धन्यबाद दिंदै शेयरधनीहरुको राय, सल्लाह र सुझावको आत्मासात गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो भने शेयरधनीहरुको जिज्ञासाको जवाफ निम्नानुसार दिनु भयो ।

बैंक शुरुको अवस्थामा कर्मचारी व्यवस्थापनमा कमजोरी भएको कारणबाट बैंकले गति लिन नसकेको हो र विगत तीन वर्ष देखि प्रमुख कार्यकारीमा परिवर्तन गरे पश्चात बैंकले गति लिन थालेको छ । संचालन खर्चमा निकै मितव्ययीता अपनाइएको छ । विशेषज्ञ संचालक प्रयाप्त मात्रामा नपाईको अवस्था रहेको व्यहोरा जानकारी गराउंदछु । मर्जर प्रक्रियाको लागि छलफल मै रहेको र भविष्यमा आफुसंग मिल्दाजुल्दो संस्था पाइएमा मर्जरको बारेमा सोंच रहेको छ । पहिले खराव कर्जा रहेको अवस्था थियो भने अहिले जे रिपोर्टमा देखाइएको छ त्यो नै वास्तविक अवस्था हो ।

नगद लाभांश वितरण गर्न पूंजीकोष अपर्याप्ताको कारणबाट नसकिएको हो र हकप्रद शेयर निष्काशन पश्चात अर्को वर्ष नगद लाभांशको लागि सोच गर्न सकिने अवस्था रहेको, कुनै

पनि सम्पत्तीको खरिद विक्रि गर्दा १५ प्रतिशतले कम वा बढी भएको व्यहोरा उल्लेख गर्नु पर्ने जानकारी गराउंदछु ।

हकप्रद शेयर जारी गर्दा संचालक समिति र संस्थापक बिच लामो छलफल भइ प्रस्ताव गरिएको र हकप्रद शेयर आफ्नो रहेको शेयर संख्याको आधारमा पाइने व्यवस्था रहेको छ । बोनश शेयरबाट मात्र पूंजी बृद्धि गर्दै लानको लागि बैंकको कारोबारमा नै असर पर्ने भएकोले हकप्रद शेयर जारी गरिएको हो ।

अन्य दैनिक कारोबारसंग सम्बन्धित शेयरधनीहरुको जिज्ञासाको जवाफको लागि अध्यक्षज्युले प्रमुख कार्यकारी अधिकृत प्रदिप कुमार श्रेष्ठलाई अख्तियारी दिनु भए अनुसार प्रमुख कार्यकारी अधिकृतज्युले धन्यबाद दिदै शेयरधनीहरुको जिज्ञासाको जवाफ निम्नानुसार दिनुभयो । प्राविधिक खर्चमा एटिएमको एनपिएनसंग लिंक गर्दाको खर्च, वार्षिक टेक्निकल सपोर्ट खर्चहरु समावेश गरिएको छ । शाखा कार्यालय बनाउंदाको लिजहोल्ड खर्चहरु र एमोटाइजेशन खर्चहरुको अपलेखन गरिएको हो । आन्तरीक जोखिम न्यूनिकरण गर्नको लागि केन्द्रिय कार्यालयमा केन्द्रिकृत सर्भरको व्यवस्था गरिएको छ । प्रत्येक कर्जा तथा खर्चहरुलाई हेड अफिसको स्वीकृत लिनु पर्ने व्यवस्था गरिएको छ । प्रत्येक दिनको दैनिक रिपोर्ट विहान र सांझ प्रमुख कार्यकारीलाई इमेल पठाउनु पर्ने व्यवस्था गरिएको छ । सबै शाखा कार्यालयलाई केन्द्रिय कार्यालयको प्रमुख कार्यकारी अधिकृतको कम्प्यूटरबाट हेर्न मिल्ने गरि CCTV क्यामराको व्यवस्था गरिएको छ । बैंकको आफ्नै आन्तरीक लेखा परिक्षक कर्मचारी र बाह्य चार्टड एकाउण्टेण्टलाई नियुक्ति गरि आन्तरीक लेखा परिक्षण गर्ने व्यवस्था मिलाइएको छ ।

जारी पूंजी र चुक्ता पूंजी वराबर हुनु पर्ने होइन जारी पूंजीसम्म चुक्ता पूंजी बृद्धि गर्न सकिने अवस्था हो ।

१६. सभाको निर्णय

क) छलफलका लागि निर्धारित प्रस्तावहरु तर्फ

क) साधारण प्रस्तावहरु

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको वार्षिक प्रतिबेदन प्रस्तुत र सो उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

सभामा प्रस्तूत आ.व.०६९/७० को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको वार्षिक प्रतिवेदन अध्यक्षज्युले अनुमोदनका लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गर्‍यो ।

२) आ.व. ०६९/७० को लेखा परिक्षण प्रतिवेदन, २०७० अषाढ मसान्तको वासलात, नाफा नोक्सान तथा नगद प्रवाह विवरण तथा अनुसुचीहरुमा छलफल गरि पारित गर्ने ।

लेखा परिक्षकको प्रतिवेदन सहितको २०७० अषाढ मसान्तको वासलात, नाफा नोक्सान तथा नगद प्रवाह विवरण तथा अनूसुचीहरु पारित गरियोस् भनी सभा समक्ष राखिएको प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय गर्‌यो ।

३) आ.व.०७०/७१ को लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. ०७०/७१ को लागि लेखा परिक्षक नियुक्त गरि निजको पारिश्रमिक निर्धारण गरियोस् भनी राखिएको प्रस्तावमा सभाले लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम लेखा परिक्षकमा रामहरि एण्ड एशोशियट्स सिद्धार्थनगरका चार्टड एकाउण्टेण्ट रामहरि रौनियारलाई नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा लेखा परिक्षण शुल्क, कर लेखा परिक्षण शुल्क, लङ्गफर्म अडिट रिपोर्ट तयार गरेबापतको शुल्क र कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिम प्रतिवेदन समेत तयार गरे वापत भ्याट सहित एकमुष्ठ रु. १,१५,०००। अक्षरेपी एक लाख पन्ध्र हजार मात्र पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतबाट गर्‌यो ।

४) संचालक समितिले प्रस्ताव गरे वमोजिम कर प्रयोजनको लागि चुक्ता पुंजीको ०.६३१५७८९ प्रतिशतले नगद लभांश रु. ७,२६,३१५।७९ स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव गरे बमोजिमको लाभांश कर प्रयोजनको लागि नगद लाभांश स्वीकृत गर्ने निर्णय सर्बसम्मतबाट गर्‌यो ।

ख) विशेष प्रस्तावहरु

१) संचालक समितिले प्रस्ताव गरे वमोजिम चुक्ता पुंजीको १२ प्रतिशतका दरले बोनस शेयर स्वीकृत गर्ने सम्बन्धमा ।

संचालक समितिले प्रस्ताव गरे बमोजिमको चुक्ता पुंजीको १२ प्रतिशतले हुने रकम रु. १ करोड ३८ लाख बोनस शेयर सर्वसम्मतबाट स्वीकृत गर्ने निर्णय गर्‌यो ।

२) अधिकृत पूंजी, जारी पूंजी र चुक्ता पूंजी बृद्धि गर्ने सम्बन्धि प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

बैकको अधिकृत पूंजी, जारी पूंजी र चुक्ता पूंजी बृद्धिको लागि तीन महलेमा प्रस्ताव गरे वमोजिम अधिकृत पूंजी रु. ३० (तीस) करोड, जारी पूंजी रु. २५ (पच्चिस) करोड र चुक्ता पूंजी रु. १६ (सोह्र) करोड १० (दश) लाख बनाउने सर्वसम्मतबाट निर्णय गर्‌यो ।

३) चुक्ता पूंजीको १:०.२५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने सम्बन्धमा ।

बैकको हालको चुक्ता पूंजी रु. ११,५०,००,०००। अक्षरेपी एघार करोड पचास लाख को १:०.२५ (४:१) को अनुपातमा हकप्रद शेयर जारी गरि चुक्ता पूंजी बृद्धि गर्न सर्वसम्मतबाट निर्णय गरियो ।

४) प्रबन्ध पत्र र नियमावलीमा आवश्यक संशोधन र परिमार्जन गर्ने प्रस्ताव पारीत गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायबाट स्वीकृत गराउनको लागी आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितीलाई अख्तियारी दिने ।

साधारण सभामा प्रस्तुत भए अनुसारको तीन महलेमा उल्लेख भए वमोजीम प्रबन्ध पत्रको दफा ५(क), दफा ५(ख) र दफा ५(ग) संशोधन गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायबाट स्वीकृत गराउनको लागी आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितीलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतबाट स्वीकृत गर्ने निर्णय गर्‌यो ।

ग) विविध ।

साधारण सभाको निर्णय पूस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५(१) मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणीत गर्ने व्यहोरा सभालाई जानकारी गराइयो ।

१७. मन्तव्य तथा धन्यबाद मन्तव्य

बैकका संस्थापक श्री महेश्वर प्रसाद श्रेष्ठले मन्तव्य राख्नु भएको उक्त साधारण सभामा बैंकका संचालक श्री जीवन प्रसाद वझाज्युले उपस्थित सम्पुर्ण शेयरधनी महानूभावहरु, अतिथिज्युहरु, लेखा परिक्षक, कर्मचारी वर्ग, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेञ्ज, नेपाल धितोपत्र बोर्ड, नागरीक लगानी कोष तथा बैंकसंग सहकार्य गर्ने सम्पुर्णलाई धन्यबाद ज्ञापन गर्नु भएको थियो ।

अन्तमा, सातौं वार्षिक साधारण सभा सम्पन्न गर्नको लागि पुर्‌याउनु भएको सहयोग, सद्भाव र शेयरधनी महानूभावज्युहरुको अमूल्य राय सल्लाह सुझाव तथा उपस्थितिको लागि हार्दिक धन्यबाद दिदै अध्यक्षज्युको अनुमतिबाट कम्पनी सचिवज्युले साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।